आज मिति २०७८।०१।२९ गते बुधबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

### मिति २०७८।०१।२९

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) मि.न.पा. वडा नं.३ कार्यालयबाट मिति २०७७।१२।०२ गते जय दिनाभद्री तथा भुइया महाराजको पूजा कार्यक्रम भएको हुंदा नियमानुसार आर्थिक सहयोग गरिदिनु हुन भनी अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.२) मि.न.पा. वडा नं.११ कार्यालयबाट तहां वडाको दुधपानीमा रहेको श्री कल्पेश्वर महादेब मन्दिर नजिक बसाहा (साढें) को मूर्ति स्थापना गर्न आर्थिक सहयोग माग भएको संबन्धमा ।

प्रस्ताव नं.३) मि.न.पा. वडा नं.३ निवासी श्री विरेन्द्र महतो कोइरीले विद्युत शर्ट भई हात काटिएको हुंदा औषधी उपचारको लागि आर्थिक सहायता पांउ भनी दिनु भएको निवेदनका संबन्धमा ।

प्रस्ताव नं.४) मि.न.पा. वडा नं.८ कार्यालयबाट सुकलाल घिसिङ को छोरा श्री हर्क बहादुर घिसिङ र सोम बहादुर घिसिङको छोरा श्री हर्क बहादुर घिसिङको निवेदन बमोजिम मिति २०७७।१२।२९ गते हात्तीले आकमण गरी पूण रुपले घर क्षतिग्रस्त भएको हुंदा विपत व्यवस्थापन कोष बाट आर्थिक सहायता मिलाई दिनुहुन भनी सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.५) मि.न.पा. वडा नं.६ निवासी श्री बिगेनदासले मिति २०७८ बैशाख ९ गतेको आंधि तुफानबाट घरमा क्षति पुगेको र सोही घटनामा परी आमा दौलतिया देबीलाई चोटपटक लागेर उपचार गर्ने क्रममा मृत्यु भएको र घरको आर्थिक अवस्था कमजोर भएको हुंदा आर्थिक सहयोगको लागि निवेदन दिनु भएको सम्बन्धमा ।

प्रस्ताव नं.६) यस न.पा.कार्यालयको आ.व.२०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत रहेको गरिबको घरमा मदन भण्डारी कार्यक्रम संचालन गर्न "अति गरिबको घरमा मदन भण्डारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" पारित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.७) ईलाका प्रहरी कार्यालय, ढल्केवरबाट कार्यालय मर्मत सुधार गर्न सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.८) यस न.पा.क्षेत्र भित्र संचालनमा रहेका "घ" वर्गको निर्माण व्यवसायी दर्ता गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.९) मि.न.पा. वडा नं.२ कार्यालयबाट सलहेस पूजा मेला आयोजनाको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१०) मि.न.पा. वडा नं.७ कार्यालयबाट निर्माणधिन कालोपत्रे सडकको थप निमार्ण कार्य गराउने सम्बन्धमा ।

प्रस्ताव नं.११) यस न.पा. अन्तर्गत भूमिहिन दलित तथा सुकुम्वासीहरुको व्यवस्थापन गर्नको लागि थप एक थान टोटल स्टेशन खरिद गर्ने सम्बन्धमा ।

२०७८/१/२९

प्रस्ताव नं.१२) विश्वभर फैलिरहेको कोभिड १९ को दोस्रो भेरीएन्टको संक्रमण रोकथाम तथा संक्रमितहरुलाई स्वास्थ्य सेवा प्रदान गर्न क्वारेन्टाइन तथा आइसोलेशन संचालन गर्ने सम्बन्धमा ।

**बैठकका निर्णयहरु** :

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा मि.न.पा. वडा नं.३ कार्यालयको च.नं.१२१९ मिति २०७७।१२।०४ को पत्रबाट मिति २०७७।१२।०२ गते जय दिनाभद्री तथा भुइया महाराजको पूजा कार्यक्रम भएको हुंदा नियमानुसार आर्थिक सहयोग गरिदिनु हुन भनी अनुरोध भएकोमा उक्त कार्यको लागि अन्य सामाजिक सहायता शिर्षकबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) आर्थिक सहायोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा मि.न.पा. वडा नं.११ कार्यालयको च.नं.१९९१ मिति २०७८।०१।२९ को पत्रबाट तहां वडाको दुधपानीमा रहेको श्री कल्पेश्वर महादेब मन्दिर नजिक बसाहा (साढें) को मूर्ति स्थापना गर्न रु.१,५०,०००।- आर्थिक सहयोग माग भएकोमा उक्त कार्यको लागि मठ/मन्दिर/गुम्बा/चर्च/मस्जिदको भौतिक पूर्वाधार निर्माण शिर्षकबाट रु.१,५०,०००।- (अक्षरेपी एक लाख पचास हजार मात्र) आर्थिक सहायोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा मि.न.पा. वडा नं.३ निवासी श्री विरेन्द्र महतो कोइरीले विद्युत शर्ट भई हात काटिएको हुंदा औषधी उपचारको लागि आर्थिक सहायता पांउ भनी यस कार्यालयमा मिति २०७८।०१।१४ मा निवेदन दिनु भएकोमा निजलाई औषधी उपचार गर्न नगर विपन्न कोषबाट रु.५०,०००।- (पचास हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा मि.न.पा. वडा नं.८ कार्यालयको च.नं.१७७८ मिति २०७८।१२।२५ र च.नं.१९११ मिति २०७८।०१।२७ को पत्रबाट श्री सुकलाल घिरिङको छोरा श्री हर्क बहादुर घिसिङ र श्री सोमलाल घिसिङको छोरा श्री हर्क बहादुर घिसिङको निवेदन बमोजिम मिति २०७७।१२।२९ गते हात्तीले आकमण गरी पूण रुपले घर क्षतिग्रस्त भएको हुंदा आर्थिक सहायता मिलाई दिनुहुन भनी सिफारिस भएकोमा निजहरुलाई अन्य सामाजिक सहायता शिर्षकाबाट जनही रु.५,०००।- (अक्षरेपी पांच हजार मात्र) का दरले आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल गर्दा मि.न.पा. वडा नं.६ निवासी श्री बिगेनदासले मिति २०७८ बैशाख ९ गतेको आंधि तुफानबाट घरमा क्षति पुगेको र सोही घटनामा परी आमा दौलतिया देबीलाई चोटपटक लागेर उपचार गर्ने क्रममा मृत्यु भएको र घरको आर्थिक अवस्था कमजोर भएको हुंदा आर्थिक सहयोगको लागि निवेदन दिनु भएकोमा निजलाई नगर विपन्न कोषबाट रु.२५,०००।- (अक्षरेपी पच्चीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

०७८/१/२५

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा यस न.पा.कार्यालयको आ.व.२०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत रहेको गरिबको घरमा मदन भण्डारी कार्यक्रम संचालन गर्न "अति गरिबको घरमा मदन भण्डारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" पारित गरियो ।

निर्णय नं.७) प्रस्ताव नं.७ मा छलफल गर्दा ईलाका प्रहरी कार्यालय, ढल्केवरको च.नं.२१५ मिति २०७८।०१।०८ को पत्रबाट कार्यालय मर्मत सुधार गर्न सहयोग माग भएकोमा प्रहरी कर्मचारीहरु सुत्ने ब्यारेकको छाना चुहिने भएकोले प्रविधिकको प्रतिवेदन बमोजिम १२ फिटे जस्तापाता ९० (नब्बे) थान यस न.पा.को कन्टेन्जेन्सी शिर्षकबाट खरिद गरी इलाका प्रहरी कार्यालय, ढल्केबरलाई उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.८) प्रस्ताव नं.८ मा छलफल गर्दा यस न.पा.क्षेत्र भित्र संचालनमा रहेका "घ" वर्गको निर्माण व्यवसायी दर्ता हुनका लागि प्राप्त भएका निवेदनहरु मध्ये यस न.पा.का.को प्रतिवेदन अनुसार निम्न निर्माण व्ययसायीको यस न.पा.कार्यालयमा व्यवसाय दर्ता गर्ने निर्णय पारित गरियो ।

क) जि.पी. निर्माण सेवा, मि.न.पा. वडा नं.२

निर्णय नं.९) प्रस्ताव नं.९ मा छलफल गर्दा मि.न.पा. वडा नं.२ कार्यालयको च.नं.२०१८ मिति २०७७।१२।२६ को पत्रबाट मिति २०७८।१।१ मा हुने सलहेस पूजा मेला आयोजनाको लागि आर्थिक सहयोग माग भएकोमा उक्त मेला आयोजनाको लागि अन्य सामाजिक सहायता शिर्षकबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१०) प्रस्ताव नं.१० मा छलफल गर्दा मि.न.पा. वडा नं.७ कार्यालयको च.नं.१६९३ मिति २०७८।०१।२९ को पत्रबाट सिफारिस भए बमोजिम यस न.पा.कार्यालयको स्वीकृत वार्षिक कार्यक्रममा ठकाई पेट्रोल पम्पदेखी दक्षीणतर्फ वडा नं.७ देखी वडा नं.९ जाने बाटोमा पक्की कालोपत्रे सडक निर्माण गर्न तीन करोड रकम विनियोजन भएकोमा उक्त आयोजनाको डि.पि.आर. बमोजिम नियमानुसार ठेक्का आव्हान गर्दा रु.१,५०,००,०००।- (एक करोड पचास लाख) मा ठेक्का सम्झौता भएको हुंदा अब बांकी रहेको रकम मध्ये रु.१,३५,००,०००।- (एक करोड पैंतीस लाख मात्र) बाट सोही ठेकेदार मार्फत उक्त सडकको थप निर्माण कार्य गर्न सम्झौता गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.११) प्रस्ताव नं.११ मा छलफल गर्दा यस न.पा. अन्तर्गत भूमिहिन दलित तथा भूमिहिन सुकुम्वासीहरुको व्यवस्थापन गर्न जग्गा नापजांचको लागि आवश्यक भएको थप एक थान टोटल स्टेशन नियमानुसार खरिद गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१२) प्रस्ताव नं.१२ मा छलफल गर्दा हाल विश्वभर फैलिरहेको कोभिड १९ को दोस्रो भेरीएन्टको संक्रमण रोकथाम तथा संक्रमितहरुलाई प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्न जिल्ला प्रशासन कार्यालयबाट प्राप्त निर्देशन तथा यस न.पा.को आवश्यक्ता बमोजिम पछि थप हुने गरी हाललाई यस न.पा.को वडा नं.७, केमलिपुरस्थित श्री राष्ट्रिय आधारभूत विद्यालयमा १० (दश) जना क्षमताको क्वारेन्टाइन, १५ (पन्ध्र) जना क्षमताको अक्सिजन सुविधा सहितको आइसोलेसन सेन्टर सञ्चालनको लागि आवश्यक व्यवस्था गर्ने साथै वडा नं.६ मा यस अधि सञ्चालनमा रहेको ५ (पांच) शैयाको कोभिड अस्पताललाई थप प्रभावकारी बनाउने निर्णय पारित गरियो ।

०७८/१/२५